निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन विवाद (सुनुवाई र निरूपण) सम्बन्धी कार्यविधि, २०७६




निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौं

# निर्वाचन विवाद (सुनुवाई र निरूपण) सम्बन्धी कार्यविधि, २०७६

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७६।०५।०३

**प्रस्तावना**

निर्वाचन आयोगले व्यवस्थापन र सञ्चालन गर्ने निर्वाचनका सिलसिलामा उत्पन्न हुने विवादलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी र विश्वसनीय तवरले निरुपण गर्न वाञ्छनीय भएकोले, निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "निर्वाचन विवाद (सुनुवाई र निरुपण) सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि आयोगबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अदालत" भन्नाले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ४१ बमोजिमको अदालत सम्झनु पर्छ ।

(ख) "अनुसन्धान अधिकारी" भन्नाले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३९ को उपदफा (१) बमोजिम तोकिएको अनुसन्धान अधिकारी सम्झनु पर्छ ।

(ग) "अनुसन्धान अधिकृत" भन्नाले मतदाता नामावली ऐन, २०७३ को दफा ३३ बमोजिम तोकिएको निर्वाचन अधिकारी सम्झनु पर्छ ।

(घ) "अनुगमनकर्ता" भन्नाले निर्वाचनको काम कारबाही र आचारसंहिता कार्यान्वयन भए नभएको अनुगमन गर्न आयोगले खटाएको अनुगमनकर्ता सम्झनु पर्छ र सो शब्दले त्यसरी अनुगमन गर्न आयोगले गठन गरेको अनुगमन टोली वा अनुगमन समितिलाई समेत जनाउँछ ।

(ङ) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(च) "आचारसंहिता" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम आयोगद्वारा जारी गरिएको आचारसंहिता सम्झनु पर्छ र सो शब्दले आयोगले सम्बन्धित निर्वाचनका लागि जारी गरेको निर्वाचन विशेष आचारसंहितालाई समेत जनाउँछ ।

(छ) "उजुरी" भन्नाले दफा १० बमोजिमको उजुरी सम्झनु पर्छ ।

(ज) "ऐन" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ सम्झनु पर्छ र सो शब्दले सन्दर्भ अनुसार निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३, मतदाता नामावली ऐन, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ लाई समेत जनाउँछ ।

(झ) "निर्वाचन" भन्नाले संविधान तथा सङ्घीय कानून बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदका सदस्य, प्रदेशसभाका सदस्य तथा स्थानीय तहका सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ञ) “निर्वाचन अधिकारी” भन्नाले जिल्ला निर्वाचन कार्यालयको प्रमुखको रुपमा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले प्रदेशमा कार्यालय रहेको खण्डमा प्रदेश कार्यालयको प्रमुखको रुपमा कार्यरत कर्मचारीलाई समेत जनाउँछ ।

(ट) “निर्वाचन अधिकृत” भन्नाले निर्वाचन सम्पन्न गर्न गराउन प्रचलित सङ्घीय कानून बमोजिम आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ठ) “निर्वाचन कसूर” भन्नाले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ तथा मतदाता नामावली ऐन, २०७३ बमोजिमको कसूरलाई समेत जनाउँछ ।

(ड) “निर्वाचन विवाद” भन्नाले जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतको संवैधानिक इजलासको क्षेत्राधिकार भित्र पर्ने विवाद बाहेकका निर्वाचन सम्बन्धी सबै किसिमका विवाद सम्झनु पर्छ ।

(ढ) “मतदान अधिकृत” भन्नाले निर्वाचन प्रयोजनको लागि नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ण) “मतदाता” भन्नाले मतदाता नामावली ऐन, २०७३ बमोजिम अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ ।

(त) “मतदाता नामावली” भन्नाले मतदाता नामावली ऐन, २०७३ बमोजिम आयोगले तयार गरेको मतदाताको विवरण सहितको अन्तिम मतदाता नामावली सम्झनु पर्छ ।

(थ) “मतपत्र” भन्नाले निर्वाचनमा मतदान गर्नको लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँछ ।

(द) "मतदाता परिचयपत्र" भन्नाले मतदाता नामावली ऐन, २०७३ बमोजिम मतदातालाई उपलब्ध गराइएको मतदाता परिचयपत्र सम्झनु पर्छ ।

(ध) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि स्थापना गरिएको मतदान केन्द्र सम्झनु पर्छ ।

(न) "मतपेटिका" भन्नाले मत सङ्केत गरेको मतपत्र राख्नका लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत संङ्केतलाई अभिलेख तथा भण्डारण गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ ।

(प) "राजनीतिक दल" भन्नाले निर्वाचन प्रयोजनको लागि राजनीतिक दल सम्बन्धी ऐन, २०७३ बमोजिम आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ ।

(फ) "समिति" भन्नाले दफा ४ बमोजिम गठन भएको निर्वाचन विवाद निरुपण समिति सम्झनु पर्छ ।

# परिच्छेद-२
# निर्वाचन विवाद निरूपण समिति

## ३. आयोगले निर्णय गर्ने

ऐन बमोजिम आयोगले सुनुवाई गर्नुपर्ने विषयमा अन्तिम निर्णय आयोगले गर्नेछ ।

## ४. निर्वाचन विवाद निरुपण समिति

(१) आयोगले सुनुवाई गर्ने निर्वाचन विवादको सम्बन्धमा जाँचबुझ गरी आयोग समक्ष सिफारिस गर्ने प्रयोजनको लागि देहाय बमोजिमको एक निर्वाचन विवाद निरुपण समिति रहनेछ :

(क) निर्वाचन आयुक्त (सम्बन्धित विषय हेर्ने) - संयोजक

(ख) सचिव, निर्वाचन आयोग - सदस्य

(ग) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(घ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) सहसचिव, कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा, निर्वाचन आयोग - सदस्य

(च) सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा, निर्वाचन आयोग - सदस्य

(छ) उपसचिव, ऐन, नियम तथा फैसला कार्यान्वयन शाखा, निर्वाचन आयोग - सदस्य

(ज) आयोगले तोकेको निर्वाचन विज्ञहरुमध्येबाट एकजना महिला सहित बढीमा तीन जना - सदस्य

(झ) उपन्यायाधिवक्ता, राजनीतिक दल व्यवस्थापन शाखा, निर्वाचन आयोग - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिले उजुरी सम्बन्धी कारबाही तथा निर्वाचन विवाद निरुपणको लागि आवश्यकता अनुसार निर्वाचन विवाद निरुपण उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(४) समिति तथा उपदफा (३) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, कर्मचारी र अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) समिति तथा उपदफा (३) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको निर्णय सम्बन्धित समिति, उपसमिति वा कार्यदलको संयोजकले प्रमाणित गर्नेछ ।

(६) समिति तथा उपदफा (३) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको बैठक सम्बन्धी अन्य कार्यविधि त्यस्तो समिति, उपसमिति वा कार्यदल आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आयोगको क्षेत्राधिकार भित्र पर्ने उजुरी वा निर्वाचन विवादको जाँचबुझ तथा छानविन गर्ने वा गराउने,

(ख) खण्ड (क) बमोजिम जाँचबुझ तथा छानविनको आधारमा आयोग समक्ष पेश गर्नुपर्ने देखिएका विषयमा आफ्नो राय सहितको सिफारिस पेश गर्ने,

(ग) उजुरी वा निर्वाचन विवाद निरुपणका सम्बन्धमा मतदान अधिकृत, अनुगमनकर्ता वा निर्वाचन अधिकृतले माग गरेको विषयमा आवश्यकता अनुसार निर्देशन दिने,

(घ) मतदान अधिकृत, अनुगमनकर्ता वा निर्वाचन अधिकृतबाट आयोगको क्षेत्राधिकार भित्र पर्ने भनी पेश भएका विवाद उपर आवश्यक जाँचबुझ तथा छानविन गरी सिफारिस सहित आयोग समक्ष पेश गर्ने,

(ङ) उजुरी वा निर्वाचन विवाद निरुपणका सम्बन्धमा आयोगले तोके बमोजिमका अन्य कार्य गर्ने ।

## ६. जाँचबुझ तथा छानविन गर्ने

ऐन बमोजिम आयोगले सुनुवाई गर्नुपर्ने अनुसूची-१ बमोजिमका विषयमा समितिले जाँचबुझ तथा छानविन गरी सिफारिस सहित निर्णयको लागि आयोगमा पेश गर्नु पर्नेछ ।

## ७. निर्वाचन अधिकृत तथा अनुगमनकर्ताले सुनुवाई गर्ने

(१) ऐन बमोजिम निर्वाचन अधिकृतले अनुसूची-२ बमोजिमको विवादको सुनुवाई गर्नेछ ।

(२) ऐन बमोजिम अनुगमनकर्ताले अनुसूची-३ बमोजिमको विवादको सुनुवाई गर्नेछ ।

(३) अनुगमनकर्ता तथा निर्वाचन अधिकृत समक्ष प्राप्त उजुरी आफूले समाधान गर्न नमिल्ने भए तत्काल समिति समक्ष पेश गर्नु पर्नेछ ।

## ८. मतदान अधिकृतले सुनुवाई गर्ने

(१) ऐन बमोजिम मतदान अधिकृतले अनुसूची-४ बमोजिमको विवादको सुनुवाई गर्नेछ ।

(२) मतदान अधिकृत समक्ष प्राप्त उजुरी आफूले समाधान गर्न नमिल्ने भए तत्काल निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

## ९. मतदाता नामावली सम्बन्धी विवाद

(१) मतदाता नामावली सम्बन्धी अनुसूची-५ बमोजिमको विवाद प्रमुख नाम दर्ता अधिकारी वा नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारीले सुनुवाई गर्नेछ ।

(२) प्रमुख नाम दर्ता अधिकारी वा नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारी समक्ष प्राप्त उजुरी आफूले समाधान गर्न नमिल्ने भए तत्काल आयोग समक्ष पेश गर्नु पर्नेछ ।

# परिच्छेद-३
# उजुरी, दर्ता तथा सुनुवाई सम्बन्धी व्यवस्था

## १०. उजुरी दिनु पर्ने

(१) निर्वाचन विवाद सम्बन्धी उजुरी दिन चाहने व्यक्तिले अनुसूची-६ बमोजिमको ढाँचामा लिखित वा विद्युतीय माध्यमबाट उजुरी दिन सक्नेछ । तर मौखिक, टेलिफोन वा कुनै माध्यमबाट सम्बन्धित अधिकारीको जानकारीमा आएको उजुरी त्यस्तो अधिकारीले लिखित रुपमा अभिलेख राखी कारवाही अघि बढाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिंदा आधार, कारण र सम्भव भएसम्म प्रमाण समेत संलग्न गरी ऐनले तोकेको अवधिभित्र उजुरी दिनु पर्नेछ ।

## ११. उजुरी दर्ता गर्नु पर्ने

(१) दफा १० बमोजिम प्राप्त उजुरी मतदान अधिकृतले अनुसूची-७, निर्वाचन अधिकृतले अनुसूची-८ र आयोगले अनुसूची-९ बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।

(२) अनुगमनकर्ता समक्ष प्राप्त उजुरी जुन निर्वाचन अधिकृतको क्षेत्राधिकार भित्र पर्ने हो सोही निर्वाचन अधिकृतको कार्यालयमा रहेको अनुसूची-८ बमाजिमको दर्ता कितावमा दर्ता गर्नु पर्नेछ ।

## १२. सुनुवाई गर्दा अपनाउनु पर्ने कार्यविधि

(१) निर्वाचन विवाद सम्बन्धी सुनुवाई गर्दा दफा १० बमोजिम परेको लिखित उजुरीको आधारमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेपछि जसको विरुद्धमा उजुरी परेको हो निजसँग आवश्यक जाँचबुझका लागि यथाशीघ्र लिखित जवाफ पेश गर्न अनुसूची-१० बमोजिमको ढाँचामा म्यादको सूचना पठाउनु पर्नेछ । तर जसका विरुद्ध उजुरी परेको हो त्यस्तो व्यक्ति तत्काल उपलब्ध भएमा त्यस्तो व्यक्तिलाई तुरुन्त लिखित जवाफ पेश गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको लिखित जवाफ अनुसूची-११ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ । तर कसैले रीतपूर्वकको ढाँचामा लिखित जवाफ पेश नगरेमा सम्बन्धित अधिकारीले अनुसूची-११ बमोजिमको ढाँचामा तयार गरी मिसिल संलग्न राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको लिखित जवाफको मौका दिंदा मतदान अधिकृतले तत्कालै, अनुगमनकर्ता तथा निर्वाचन अधिकृतले विवादको प्रकृति हेरी ऐनले तोकेको अवधिभित्र र समिति वा आयोगले विवादको प्रकृति हेरी बढीमा तीन दिनभित्र लिखित जवाफ पेश गर्न म्याद दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको लिखित जवाफ म्यादभित्र प्राप्त नभए पनि म्याद समाप्त भएपछि सम्बन्धित अधिकारीले कारवाही अघि बढाउनु पर्नेछ ।

(६) सम्बन्धित अधिकारीले प्राप्त प्रमाणका आधारमा उजुरी जाँचबुझ गरी दर्ता किताबमा प्रारम्भिक कारवाहीको व्यहोरा उल्लेख गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम जाँचबुझ गर्दा थप प्रमाण बुझ्नु पर्ने देखिएमा सम्बन्धित पक्षसँग आवश्यक प्रमाण कागज माग गर्न सकिनेछ ।

(८) उपदफा (७) बमोजिम जाँचबुझ गर्दा कागज प्रमाणबाट कसैले निर्वाचन कसूर गरे वा गराएको देखिन आएमा त्यस्तो कार्य गर्ने गराउने व्यक्तिलाई तत्काल अनुसूची-१२ बमोजिमको पक्राउ आदेश जारी गरी पक्राउ गर्न सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(९) यस दफा बमोजिम परेको उजुरी सुनुवाई गर्दा उजुरी दिने व्यक्ति र विपक्षी बीच मतदान स्थलमा उपलब्ध भएका मतदान प्रतिनिधि वा निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध भएका निर्वाचन प्रतिनिधिको रोहवरमा छलफल गराउनु पर्नेछ । तर मतदान प्रतिनिधि वा निर्वाचन प्रतिनिधिहरु उपलब्ध नभएमा आवश्यक प्रमाण कागज बुझी अन्तिम निर्णय गर्न यस उपदफाले बाधा पुर्‍याएको मानिने छैन ।

(१०) उपदफा (९) बमोजिम भएको छलफलको आधारमा सम्बन्धित अधिकारीले गरेको निर्णय अनुसूची-१३ बमोजिम अभिलेखीकरण गर्नु पर्नेछ र त्यस्तो निर्णयको संक्षिप्त व्यहोरा दर्ता किताबको अन्तिम निर्णय महलमा उल्लेख गर्नु पर्नेछ ।

(११) यस दफा बमोजिम निर्णय गर्दा कानून बमोजिम कसैलाई जरिवाना गर्नु पर्ने भएमा आधार र कारण खुलाउनु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम कसैलाई जरिवाना गर्ने निर्णय भएमा तत्काल सो को जानकारी निजलाई गराई जरिवाना दाखिला गर्न लगाउनु पर्नेछ ।

(१३) उपदफा (१२) बमोजिमको जरिवाना दाखिला गरेपछि त्यस्तो जरिवाना रकम बुझिलिई तत्काल सम्बन्धित व्यक्तिलाई अनुसूची-१४ बमोजिमको रसिद दिनु पर्नेछ ।

(१४) उपदफा (१२) बमोजिम तत्काल जरिवाना भुक्तान नगरे निजलाई कैद गर्न सम्बन्धित प्रहरी कार्यालयमा अनुसूची-१५ बमोजिमको ढाँचामा पत्र लेखी पठाउनु पर्नेछ ।

(१५) उपदफा (१०) बमोजिम भएको निर्णय अनुसूची-१६ बमोजिमको ढाँचामा पक्ष विपक्षलाई लिखित रुपमा दिनु पर्नेछ र सो को एक प्रति सूचना पाटीमा टाँस गरी सो को मुचुल्का तयार गर्नु पर्नेछ ।

(१६) उपदफा (१०) बमोजिमको निर्णय चित्त नबुझ्ने पक्षलाई अनुसूची-१६ बमोजिमको ढाँचामा पुनरावेदनको म्याद दिनु पर्नेछ ।

(१७) प्राकृतिक प्रकोप, दुर्घटना वा आक्रमणको कारणबाट कुनै विवाद उत्पन्न भएमा तत्काल सम्बन्धित अधिकारीलाई जानकारी गराई सुनुवाईको प्रक्रिया अघि बढाउनु पर्नेछ ।

(१८) ऐन बमोजिम एउटै विषयमा एक भन्दा बढी निकाय वा अधिकारीलाई सुनुवाईको अधिकार रहेको अवस्थामा जुन निकायमा पहिले निवेदन पर्न आएको छ सोही निकायले सुनुवाई गरी सो विषयको जानकारी तत्कालै छिटो साधन मार्फत आयोग तथा त्यस्तो विषयको सुनुवाई गर्न पाउने अधिकार भएको अन्य निकाय वा अधिकारीलाई दिनु पर्नेछ ।

## १३. मतदान अधिकृतले अपनाउनु पर्ने अन्य कार्यविधि

कसैले अर्काको नाम आफ्नो हो भनी ढाँटी मतदान गरेको विषयमा परेको विवाद सुनुवाई गर्दा मतदान अधिकृतले दफा १२ को अतिरिक्त देहायको कार्यविधि अपनाउनु पर्नेछ :

(क) उजुरी दर्ता गर्दा रु. १००।- धरौटी लिई दर्ता गर्नु पर्ने र

(ख) खण्ड (क) बमोजिम लिइएको धरौटी उजुरी सही ठहरिएमा उजुरकर्तालाई नै फिर्ता दिनु पर्नेछ । उजुरी गलत ठहरिएमा राखेको धरौटी जफत गरी आम्दानी बाँधी राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

## १४. निर्वाचन अधिकृतले अपनाउनु पर्ने अन्य कार्यविधि

निर्वाचन अधिकृतले विवाद निरुपणको लागि सुनुवाई गर्दा दफा १२ को अतिरिक्त देहायको कार्यविधि अपनाउनु पर्नेछ :

(क) निर्वाचन क्रियाकलापमा हुलदंगा वा आक्रमण गरेमा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई तत्काल नियन्त्रणमा लिन आदेश दिई सो को जानकारी आयोगलाई दिने,

(ख) खण्ड (क) बमोजिम नियन्त्रणमा लिइएको व्यक्तिलाई कानून बमोजिम कारवाहीका लागि प्रतिवेदन सहित अनुसन्धान अधिकारीलाई लेखी पठाउने,

(ग) उम्मेदवारको अयोग्यता सम्बन्धी विषय सम्बन्धित उम्मेदवारसँग माग गरिएको स्पष्टीकरण प्राप्त भएमा वा म्याद भित्र प्राप्त नभएमा सम्पूर्ण कागजात सहित निर्णयका लागि तीन दिनभित्र आयोग समक्ष पेश गर्ने,

(घ) खण्ड (ग) बमोजिम पेश भएको विषयमा आयोगबाट भएको निर्णय अनुसार गर्ने,

(ङ) कुनै कारणले मनोनयनपत्र सम्बन्धी कारबाही स्थगित भएमा आयोगबाट प्राप्त निर्देशन बमोजिम तत्कालै अर्को मिति तय गरी सो को सूचना मनोनयनपत्र जाँच स्थलमा टाँस गर्ने,

(च) उम्मेदवारको मनोनयनपत्र बदर गर्ने विषयमा उजुरी नै नपरेको तर जाँचबुझको क्रममा कुनै मनोनयनपत्र बदर हुने देखिएमा मनोनयनकर्तालाई निर्धारित समयभित्र आफ्नो सफाई पेश गर्ने मौका दिने,

(छ) निर्वाचन अधिकृतले मतगणनाको क्रममा मतदान अधिकृतले बुझाएको मुचुल्कामा उल्लेख गरे बमोजिम खसेको मतपत्रको संख्या र मतपेटिकामा रहेको मतपत्रको संख्या सम्बन्धी विवाद भएमा मतपेटिकामा रहेको संख्यालाई खसेको मत मानी निर्णय गर्नु पर्नेछ ।

## १५. समिति/आयोगले जाँचबुझ तथा छानविन गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि

समिति/आयोगले विवादको जाँचबुझ तथा छानविन गर्दा दफा १२ को अतिरिक्त देहाय बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ :

(क) उम्मेदवारको अयोग्यता सम्बन्धमा आयोगमा प्राप्त उजुरी उपर आवश्यक जाँचबुझ गरी सिफारिस गर्न तत्काल समितिमा पठाउनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम प्राप्त उजुरी उपर समितिले जाँचबुझ तथा छानविन गरी उजुरी परेको मितिले सात दिन भित्र सिफारिस सहित आयोगमा पेश गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम पेश भएको उजुरी उपर थप जाँचबुझ गर्नुपर्ने भएमा आयोगले थप जाँचबुझ गरी तीन दिनभित्र निर्णय गर्नु पर्नेछ ।

(घ) उम्मेदवारको अयोग्यता सम्बन्धी विषय बाहेक समिति समक्ष पेश हुन आएका अन्य विषयमा परेको उजुरी सम्बन्धमा मनासिव समयभित्र जाँचबुझ गरी निर्णयका लागि आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम पेश भएका विषयमा थप जाँचबुझ गर्नु पर्ने भएमा आयोगले आवश्यक जाँचबुझ गरी तीन दिनभित्र निर्णय गर्नु पर्नेछ ।

(च) खण्ड (ग) र (ङ) बमोजिम भएको निर्णयको जानकारी आयोगले सम्बन्धित अधिकारी लाई दिनु पर्नेछ ।

(छ) मतगणनास्थलको अनधिकृत कब्जा भएको उजुरी आयोग समक्ष प्राप्त भएमा देहाय बमोजिम गर्नु पर्नेछ :

(१) आयोगले छानविन तथा जाँचबुझका लागि समितिमा पठाउने,

(२) समितिले तत्काल निर्वाचन अधिकृतबाट यथार्थ विवरण माग गर्ने,

(३) उपखण्ड (२) बमोजिम प्राप्त विवरणमा समितिलाई थप जाँचबुझ गर्न आवश्यक लागेमा जाँचबुझ समिति गठन गर्न आयोगमा सिफारिस गर्ने र

(४) उपखण्ड (२) बमोजिम प्राप्त विवरण तथा उपखण्ड (३) बमोजिम गठित समितिको प्रतिवेदन प्राप्त भएपछि आयोगले सो को जानकारी निर्वाचन अधिकृतलाई पठाउने ।

(ज) मतपत्र बदर सम्बन्धी विवाद भएमा देहायको कार्यविधि अपनाउनु पर्नेछ :

(१) ऐन, नियम र निर्देशिकामा उल्लेख भएका र आयोगले वदर हुने भनी निर्धारण गरेका मतपत्र बदर हुने गरी निर्णय गर्ने,

(२) उपखण्ड (१) बमोजिम बाहेकका मतपत्र सदर वा वदर सम्बन्धी विवाद उत्पन्न भएमा निर्वाचन अधिकृतले तत्काल आयोगको निर्देशन माग गरी प्राप्त निर्देशन बमोजिम गर्ने,

(३) उपखण्ड (१) र (२) बमोजिम वदर हुने मतपत्रको विवरण निर्वाचन अधिकृतले मतगणना स्थलमा सबैले देख्ने गरी टाँस गर्नुपर्ने,

(झ) निर्वाचन अधिकृतले पेश गरेका वा समिति समक्ष सिधै प्राप्त भएका उजुरी वा विवाद सम्बन्धमा जाँचबुझ गरी समितिले आफ्नो राय सहित निर्णयको लागि आयोग समक्ष पेश गर्नु पर्नेछ ।

## १६. मतदाता नामावली दर्ता सम्बन्धी विवाद निरुपण गर्दा अपनाउनु पर्ने कार्यविधि :

मतदाता नामावलीमा नाम दर्ता गर्ने अधिकारीले मतदाता नामावली सम्बन्धी विवाद निरुपण गर्दा दफा १२ को अतिरिक्त देहाय बमोजिम गर्नु पर्नेछ :

(क) मतदाता नामावलीमा दोहोरो नाम हटाउन निवेदन दिएमा वा नाम दोहोरो परेको जानकारी प्राप्त हुन आएमा सम्बन्धित व्यक्तिसँग स्थायी ठेगाना माग गरी स्थायी ठेगाना रहेको स्थानमा मतदाता नामावली कायम गर्नु पर्ने र

(ख) खण्ड (क) बमोजिमको विवरण प्राप्त नभएमा पछिल्लो पटक नाम दर्ता गरेको स्थानको मतदाता नामावलीमा नाम कायम गर्ने ।

# परिच्छेद-४
## प्रतिवेदन सम्बन्धी व्यवस्था

### १७. प्रतिवेदन सम्बन्धी व्यवस्था

(१) दफा १० बमोजिम प्राप्त उजुरी मतदान अधिकृत स्वयंले निरुपण गर्न नमिल्ने भएमा सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिमको उजुरी तथा दफा ११ र १२ बमोजिम सुनुवाई गरेका निर्णय सहितका सक्कलै फाइल सिलबन्दी गरी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ र उक्त निर्णय सहितको प्रतिलिपि समितिलाई प्रतिवेदन पेश गर्ने प्रयोजनका लागि सम्बन्धित कर्मचारीलाई बुझाउनु पर्नेछ ।

(३) अनुगमनकर्ता वा निर्वाचन अधिकृतले दफा १० बमोजिम प्राप्त उजुरी आफूले निरुपण गर्न नमिल्ने भए समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) अनुगमनकर्ता र निर्वाचन अधिकृत समक्ष प्राप्त उजुरी तथा निर्णयको सक्कलै प्रति सिलबन्दी गरी सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा र सो को प्रतिलिपि र प्राप्त विवरण संलग्न गरी समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम समितिको सदस्य सचिवले दफा १० बमोजिम प्राप्त उजुरी तथा कारवाहीको विवरण हरेक शुक्रवार दिनको तीन बजेभित्र समिति समक्ष पेश गर्नु पर्नेछ । तर मतदानको दिनदेखि मतगणना कार्य सम्पन्न नभएसम्म हरेक दिन तीन बजेभित्र समिति समक्ष उजुरी तथा कारवाहीको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(६) समिति समक्ष सिधै प्राप्त भएका उजुरीमा समितिले आवश्यक छानविन गरी राय सहित आयोग समक्ष पेश गर्नु पर्नेछ ।

(७) आयोगले सम्बन्धित मतदान अधिकृत, अनुगमनकर्ता र निर्वाचन अधिकृतलाई आवश्यक जाँचबुझको लागि लेखी पठाएकोमा निजहरुले आवश्यक जाँचबुझ गरी आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

# परिच्छेद-५

## विविध

### १८. जनशक्ति व्यवस्थापन

(१) मतदान केन्द्रमा निर्वाचन विवाद निरुपणको प्रशासनिक तथा प्रतिवेदन सम्बन्धी कार्य गर्ने जिम्मेवारी सहायक मतदान अधिकृतको हुनेछ ।

(२) निर्वाचन अधिकृतको कार्यालयमा पर्ने विवादको प्रशासनिक तथा प्रतिवेदन सम्बन्धी कार्य गर्ने जिम्मेवारी सहायक निर्वाचन अधिकृतको हुनेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य गर्न आयोगले निर्वाचन अधिकृतको कार्यालयमा एकजना सहायक कर्मचारीलाई जिम्मेवारी तोक्नेछ ।

(४) अनुगमनकर्ताले सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन विवादको प्रशासनिक तथा प्रतिवेदन सम्बन्धी कार्य गर्न आयोग वा निर्वाचन अधिकृतले तोकेको कर्मचारीको सहयोग लिन सक्नेछ ।

(५) समितिको प्रशासनिक कार्य राजनीतिक दल व्यवस्थापन शाखाले गर्नेछ ।

(६) समितिले हरेक हप्ता निर्वाचन विवादको संख्या र प्रकृति सार्वजनिक गर्नेछ ।

### १९. प्राथमिकता दिनु पर्ने

निर्वाचनको क्रममा लैङ्गिक हिंसा वा महिला उम्मेदवारको उम्मेदवारी र प्रचार प्रसारलाई असर पर्ने वा महिला उम्मेदवार वा महिला मतदाताको चरित्र हत्या सम्बन्धी गाली गलौजका उजुरी सम्बन्धी विवादलाई विशेष प्राथमिकता दिई सुनुवाई गर्नु पर्नेछ ।

## २०. दोहोरो सुनुवाई गर्न नहुने

एक भन्दा बढी निकाय वा अधिकारीले ऐन बमोजिमका विवादको सुनुवाई गर्ने व्यवस्था भएकोमा कुनै निकाय वा अधिकारीबाट विवादको निरुपण भएपछि पुनः सोही विषयमा अन्य निकाय वा अधिकारीबाट सुनुवाई गरिने छैन ।

## २१. जिम्मेवारी पूरा गर्नु पर्ने

(१) निर्वाचन विवादको सुनुवाई र निरुपण गर्ने जिम्मेवारी र उत्तरदायित्व बहन गर्नु पर्ने मतदान अधिकृत, अनुगमनकर्ता, निर्वाचन अधिकृत, मुख्य नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी, सहायक नाम दर्ता अधिकारी लगायत पदाधिकारी तथा अन्य कर्मचारीले यस कार्यविधि बमोजिम आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका पदाधिकारी तथा अन्य कर्मचारीले आफूलाई तोकिएको जिम्मेवारी पूरा नगरेमा वा बदनियत तरिकाले कार्य सम्पादन गरेमा वा सुनुवाई र निरुपण गर्दा सो को निष्पक्षतामा असर पर्ने लगायत कार्य गरेको पाइएमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा ४३ र ४४ बमोजिम त्यस्तो पदाधिकारी वा कर्मचारीलाई जिम्मेवारीबाट हटाउन वा निलम्वनको लागि सिफारिस गर्न वा विभागीय कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पदाधिकारी वा कर्मचारीलाई कारवाही वा सिफारिस गर्नु अघि आवश्यक जाँचबुझ गरी निजसँग स्पष्टीकरण सोध्नु पर्नेछ ।

## २२. बैठक भत्ता

दफा ४ बमोजिम गठन हुने समिति, उपसमिति वा कार्यदलको बैठक कार्यालय समय अघि वा पछि बस्नु परेमा त्यस्तो बैठकमा उपस्थित हुने सदस्यलाई नियमानुसार बैठक भत्ता उपलब्ध गराइनेछ ।

## २३. खारेजी र बचाउ

(१) देहायका निर्देशिका खारेज गरिएका छन् :-

(क) स्थानीय तह निर्वाचन विवाद निरुपण निर्देशिका, २०७४

(ख) प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यनिर्वाचन विवाद निरुपण निर्देशिका, २०७४

(२) उपदफा (१) बमोजिम खारेज भएका निर्देशिका बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची-१

(दफा ६ सँग सम्बन्धित)

## समिति/आयोगले जाँचबुझ तथा छानविन गर्ने विषय

१. निर्वाचन आयोग ऐन, २०७३ को दफा ९ बमोजिम उम्मेदवारको अयोग्यता सम्बन्धमा,

२. निर्वाचन आयोग ऐन, २०७३ को दफा १० बमोजिम निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम भएको भनी परेको उजुरी वा सो सम्बन्धी जाँचबुझ प्रतिवेदनको आधारमा सम्बन्धित मतदान केन्द्रको मतदानको काम रद्द गर्ने सम्बन्धमा,

३. निर्वाचन आयोग ऐन, २०७३ को दफा ४३ बमोजिम कुनै निर्वाचनको काममा खटिएका कर्मचारी,सुरक्षाकर्मी वा शिक्षकलाई निर्वाचन सम्बन्धी निजको जिम्मेवारीबाट हटाउने र त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निलम्बन गर्नु पर्ने भएमा तत्काल निलम्बन गर्ने वा सम्बन्धित अख्तियारवाला समक्ष निलम्बनको लागि सिफारिस गर्ने सम्बन्धमा,

४. निर्वाचन आयोग ऐन, २०७३ को दफा ४४ बमोजिम निर्वाचनको काममा नियुक्त गरिएका, खटाइएका वा तोकिएका वा आयोगको निर्देशन पालना गर्नु पर्ने कर्तव्य भएका कुनै निजामती कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकले प्रचलित कानून, निर्देशन वा निर्देशनको जानी-जानी उल्लङ्घन हुने गरी वा बदनियतले कुनै काम गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी उपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी कानून बमोजिम विभागीय कारबाही गर्ने वा सो बाहेकका अन्य कर्मचारी वा पदाधिकारीलाई निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा,

५. निर्वाचन आयोग ऐन, २०७३ को दफा ४९ बमोजिम आयोगले जारी गरेको आदेश उल्लङ्घन गर्ने सरकारी, अर्धसरकारी निकाय वा संस्था, निजी क्षेत्र वा गैरसरकारी संस्था, राजनीतिक दल तथा त्यसका पदाधिकारी, मतदाता, उम्मेदवार र निजको प्रतिनिधि, निर्वाचनको प्रचार-प्रसार तथा अनुगमनमा संलग्न व्यक्ति र आयोगले तोकेको संस्था वा व्यक्तिलाई जरिवाना गर्न सक्ने सम्बन्धमा,

६. प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १४ बमोजिम दोहोरो उम्मेदवारी दिएको व्यक्तिको उम्मेदवारी बदर गर्ने सम्बन्धमा,

७. प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ बमोजिम उम्मेदवारको अयोग्यता सम्बन्धमा,

८. प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २९ को उपदफा (४) र (५) र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २९ को उपदफा (४) र (५) बमोजिम योग्यता नपुगेको व्यक्तिको नाम उम्मेदवारको बन्दसूचीबाट हटाउने सम्बन्धमा,

९. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६ को उपदफा (४), प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (४) तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ को उपदफा (४) र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २६ को उपदफा (५) बमोजिम दलको उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरिसकेपछि त्यस्तो उम्मेदवारले आफ्नो दल त्याग गरेमा वा अर्को दलमा प्रवेश गरेमा र त्यस्तो उम्मेदवार निर्वाचित भई सम्बन्धित दलले प्रमाणसहित उजुरी दिएमा निजको सदस्यता खारेज गर्ने सम्बन्धमा,

१०. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४१ को उपदफा (३), प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ को उपदफा (३), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४१ को उपदफा (३) र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा

४३ को उपदफा (३) बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भएकोमा त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्ने सम्बन्धमा,

११. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४९, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५० र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५२ बमोजिम मतगणना पूरा हुनु अघि कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र, मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा नोक्सान गरिएमा वा तोडफोड गरिएमा वा हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य स्थगित गरी आयोगलाई प्रतिवेदन दिएमा त्यस्तो घटनाको जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा आयोगले त्यस्तो मतदान केन्द्रको मतदान अवैध घोषणा गर्ने र पुनः मतदान गर्ने मिति र समय तोक्न निर्देशन दिने सम्बन्धमा,

१२. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५०, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५५, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५१ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५३ बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई दिएकोमा त्यस्तो घटनाको जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो कब्जाबाट असर परेको मतदान केन्द्रहरुको सम्पूर्ण मतपत्र अवैध घोषणा गरी मतदान रद्द गर्ने सम्बन्धमा,

१३. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५१ को खण्ड (ड), प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५६ को खण्ड (ठ), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५२ को खण्ड (ठ) र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५४ को खण्ड (ठ) बमोजिम बदर हुने मतपत्र तोक्ने सम्बन्धमा,

१४. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६९, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७८, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६७ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७१ बमोजिम कुनै निर्वाचन अधिकृतले संविधान, निर्वाचन सम्बन्धी कानून र आयोगले दिएको निर्देशन विपरीत कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्ने वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा,

१५. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १७ विपरीत निर्वाचन अधिकृत वा मतगणनामा संलग्न कुनै कर्मचारीले कुनै मत सदर मत हो भन्ने विश्वास गर्न सकिने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो मतगणना नगरेको वा कुनै मत सदर मत होइन भनी विश्वास गर्न सकिने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो मतगणना गरेको सम्बन्धमा,

१६. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङ्गको सामान्य पर्चा वितरण गर्ने बाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छापेमा वा छपाएको वा प्रयोग गरे वा गराएको सम्बन्धमा,

१७. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (२) विपरीत निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँसेमा वा टाँस्न लगाएमा वा लेखेमा वा लेख्न लगाएको सम्बन्धमा,

१८. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (३) विपरीत निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि पर्चा तयार गर्दा मुद्रण गर्ने छापाखानाको तथा मुद्रण गर्न लगाउने राजनीतिक दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख नगरी तयार गरेको सम्बन्धमा,

१९. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (४) विपरीत निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले गरिने सभा वा

भेलामा वा त्यस्तो सभा वा भेलाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र साउण्ड सिष्टमको प्रयोग गरेको सम्बन्धमा,

२०. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (५) विपरीत मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाएमा वा आयोजना गरेमा, जुलुस निकालेमा वा नाराबाजी गरेमा तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गरे वा गराएको सम्बन्धमा,

२१. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (६) विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गरेको सम्बन्धमा,

२२. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (८) वा (९) विपरीत राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरे वा गराएकोमा सम्बन्धित अधिकारीले त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जफत गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न दिएको निर्देशनको पालना नगरेको सम्बन्धमा,

२३. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको सङ्ख्याभन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरे वा गराएमा,

२४. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (२) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै

व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन प्रयोग गरे वा गराएको सम्बन्धमा,

२५. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (३) विपरीत कुनै पनि राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन प्रचार प्रसारको सिलसिलामा कुनै सवारी साधनको प्रयोग गरी र्‍याली गरे वा गराएको सम्बन्धमा,

२६. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (५) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिलाई प्रयोग गर्न दिएको सम्बन्धमा,

२७. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २६ को उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गरे वा गराएको सम्बन्धमा,

२८. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २६ को उपदफा (४) विपरीत कुनै अधिकारीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्थाको सम्पत्ति निर्वाचन प्रचार प्रसारको लागि प्रयोग गर्न दिएको सम्बन्धमा,

२९. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २७ को उपदफा (१) विपरीत कुनै राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार प्रसारमा प्रचलित सङ्घीय कानून विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै

पनि प्रकारको आर्थिक सहयोग लिएमा वा गैरसरकारी संस्थाले त्यस्तो आर्थिक सहयोग दिएको सम्बन्धमा,

३०. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २७ को उपदफा (३) विपरीत सरकारी वा सार्वजनिक निकायको सम्बन्धित अधिकारीले निर्वाचन प्रचार प्रसारको लागि आर्थिक सहयोग दिएको सम्बन्धमा,

३१. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २७ को उपदफा (४) विपरीत राजनीतिक दल, उम्मेदवार वा व्यक्तिले सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिने राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिलाई त्यस्तो रकम फिर्ता गर्न आयोगले दिएको निर्देशन पालना नगरेको सम्बन्धमा,

३२. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २८ विपरीत राजनीतिक दल वा उम्मेदवारले आफ्नो निर्वाचन प्रतिनिधि मार्फत खर्च गर्ने बाहेक निर्वाचन प्रचार प्रसारमा खर्च गर्दा अन्य व्यक्तिलाई खर्च गर्न लगाएको सम्बन्धमा,

३३. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २९ विपरीत राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम तोकिएको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गरे वा गराएको सम्बन्धमा,

३४. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३० विपरीत कुनै राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसार अभियानमा निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून वा निर्वाचन आचारसंहिताले निषेध गरेको काम कारबाही गर्न वा गराउनका लागि कुनै प्रकारले आर्थिक सहयोग लिएमा वा त्यस्तो काम कारबाहीको लागि खर्च गरे वा गराएको सम्बन्धमा,

३५. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (१) बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण आयोगले तोकेको कार्यालयमा नबुझाएको सम्बन्धमा,

३६. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (२) बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण आयोगले तोके बमोजिम सार्वजनिक नगरेको सम्बन्धमा,

३७. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिमको समयभित्र निर्वाचन खर्चको विवरण सार्वजनिक नगर्ने राजनीतिक दल वा उम्मेदवारले आयोगले मनासिब समय तोकी त्यस्तो विवरण सार्वजनिक गर्न दिएको निर्देशन पालना नगरेको सम्बन्धमा,.

३८. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३२ विपरीत निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीले कुनै लिखत, कागजात, अभिलेख वा विवरण झुट्टा हो भन्ने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो लिखत, कागजात वा अभिलेखलाई कानून बमोजिमको प्रयोजनका लागि मान्यता दिएको सम्बन्धमा,

३९. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३३ विपरीत निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी वा आयोगबाट खटाइएको अनुगमनकर्ता आफ्नो पदीय जिम्मेवारीबाट पन्छिएको सम्बन्धमा,

४०. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३४ को उपदफा (१) विपरीत निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी, अनुगमनकर्ता, सुरक्षाकर्मी र कानून बमोजिम निर्वाचनको कुनै काममा खटिएको, प्रतिनिधित्व गरिरहेको वा सघाउ पुऱ्याइरहेको कुनै व्यक्तिले निर्वाचनको कामको सन्दर्भमा आफूलाई प्राप्त जानकारी कानून बमोजिमको अवस्थामा बाहेक अन्य कुनै व्यक्तिलाई दिएमा, अभिव्यक्त गरेमा वा प्रकट गरेको सम्बन्धमा,

४१. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३४ को उपदफा (२) विपरीत निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी, अनुगमनकर्ता वा आयोगले निर्वाचनमा खटाएको पर्यवेक्षक वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा मतदाता वा अन्य व्यक्तिले कुनै मतदाताले मत दिएको वा नदिएको

वा कुनै उम्मेदवारलाई मत दिएको वा कसले कति मत पाएको वा मतपत्रमा मतदाता चिनिने गरी कुनै पनि किसिमको सङ्केत वा चिन्ह रहेको वा अन्य कुनै कुराहरु कसैलाई भनी, लेखी वा कुनै किसिमले प्रकाशन गरी प्रकट गरेमा वा गराएको सम्बन्धमा,

४२. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३५ विपरीत निर्वाचन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने अन्य कुनै किसिमको कार्य गरे वा गराएको सम्बन्धमा,

४३. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३६ विपरीतको कार्य गर्ने उद्योग गरेमा वा त्यस्तो कसूर गर्न मद्दत वा दुरुत्साहन गरेको सम्बन्धमा,

४४. मतदाता नामावली ऐन, २०७३ को दफा २६ बमोजिम झुट्टा विवरणका आधारमा मतदाता नामावली तयार भई अन्तिम मतदाता नामावली प्रकाशन भएको कुराको प्रमाणबाट स्पष्ट देखिन आएमा त्यस्तो मतदाता नामावली रद्द गर्ने सम्बन्धमा ।

# अनुसूची-२

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**निर्वाचन अधिकृतले सुनुवाई गर्ने विषय**

१. निर्वाचन आयोग ऐन, २०७३ को दफा ९ बमोजिम उम्मेदवारको अयोग्यता सम्बन्धमा प्रश्न उठेमा त्यस्तो उम्मेदवारलाई स्पष्टीकरण माग गरी निर्णयको लागि कागजात सहित आयोगमा पठाउनु पर्नेछ । स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १९ को उपदफा (५), प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ र २१ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १५ र २१, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १३ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा १३ बमोजिम उम्मेदवारको योग्यता सम्बन्धी उजुरीका सम्बन्धमा,

२. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २० उपदफा (३), प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २२ को उपदफा (३) तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २२ को उपदफा (३), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १९ को उपदफा (४) र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २० को उपदफा (३) बमोजिम मनोनयन पत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्ने सम्बन्धमा,

३. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २१, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा २३, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा २० र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २१ बमोजिम उम्मेदवारको मनोनयनपत्र बदर गर्ने सम्बन्धमा,

४. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३१ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २६ बमोजिम निर्वाचन चिन्ह वितरण सम्बन्धमा,

५. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३९, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४२ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४४ बमोजिम मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएकोमा मतदान रद्द गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,

६. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४०, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४५, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३७ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३९ बमोजिम विशेष परिस्थितिमा मतदानको काम हुन नसक्ने कुरामा विश्वस्त भएमा मतदान कार्य तत्काल स्थगित गरी आयोगलाई जानकारी दिने सम्बन्धमा,

७. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४१, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४१ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४३ बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भएकोमा मतदान अधिकृतले दिएको प्रतिवेदन समेतको आधारमा आयोगलाई प्रतिवेदन दिने र आयोगको निर्देशन अनुसार त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्ने सम्बन्धमा,

८. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३९, ४० र ४१ बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भएमा, मतदान केन्द्रमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई वा उपद्रव, प्राकृतिक विपत्ति वा काबु बाहिरको कुनै कारणले मतदानको काम सुचारु हुन नसकी मतदान स्थगित भएमा उक्त मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोक्ने सम्बन्धमा,

९. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४९, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५० र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को

दफा ५२ बमोजिम मतगणना पूरा हुनु अघि मतपत्र नोक्सान भएमा मतगणनाको काम स्थगित गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,

१०. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५०, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ५५, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५१ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५३ बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएकोमा मतगणनाको कार्य तत्काल स्थगित गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा,

११. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५१, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५६, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५२ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५४ बमोजिम मतपत्र बदर गर्ने सम्बन्धमा,

१२. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५२, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५७, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५३ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५५ बमोजिम दोहोर्‍याई मतगणना गर्ने सम्बन्धमा,

१३. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५३, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ५९, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५७ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५८ बमोजिम मत बराबर भएमा गोला हाली निर्णय गर्ने सम्बन्धमा,

१४. निर्वाचनमा उम्मेदवारी दिंदा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३ को उपदफा (१) विपरीत झुट्टा विवरण वा कागजात संलग्न गरी मनोनयनपत्र पेश गरेमा,

१५. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ४ को उपदफा ( ३) विपरीत मतदान अधिकृतको स्वीकृति बिना निर्वाचनमा प्रयोग

गरिने वा गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लगेमा,

१६. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ४ को उपदफा (४) विपरीत निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थपेमा, केरमेट गरेमा, सच्याएमा वा हटाएमा वा त्यस्तो कागजात च्यातेमा वा कुनै किसिमले बिगारेमा, नोक्सान गरेमा, नष्ट गरेमा वा गराएमा,

१७. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १५ विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि वा आयोगबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणना स्थलमा प्रवेश गरेमा,

१८. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङ्गको सामान्य पर्चा वितरण गर्न बाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छापेमा छपाएमा वा प्रयोग गरे वा गराएमा,

१९. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (२) विपरीत निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँसेमा वा टाँस्न लगाएमा वा लेखेमा वा लेख्न लगाएमा,

२०. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (३) विपरीत निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि पर्चा तयार गर्दा मुद्रण गर्ने छापाखानालाई मुद्रण गर्न लगाएको सम्बन्धमा,

२१. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (४) विपरीत निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले गरिने सभा वा भेलामा वा त्यस्तो सभा वा भेलाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गरेमा,

२२. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (५) विपरीत मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाएमा वा आयोजना गरेमा, जुलुस निकालेमा वा नाराबाजी गरेमा तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गरे वा गराएमा,

२३. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (६) विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गरेमा,

२४. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (८) वा (९) विपरीत राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरे वा गराएकोमा सम्बन्धित अधिकारीले त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जफत गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना नगरेमा,

२५. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको सङ्ख्याभन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरे वा गराएमा,

२६. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (२) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन प्रयोग गरे वा गराएमा,

२७. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (३) विपरीत कुनै पनि राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन

प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन प्रचार प्रसारको सिलसिलामा कुनै सवारी साधनको प्रयोग गरी र्‍याली गरे वा गराएमा,

२८. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २८ विपरीत राजनीतिक दल वा उम्मेदवारले आफ्नो निर्वाचन प्रतिनिधि मार्फत खर्च गर्ने बाहेक निर्वाचन प्रचार प्रसारमा खर्च गर्दा अन्य व्यक्तिलाई खर्च गर्न लगाएमा ।

# अनुसूची-३

## (दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

## अनुगमनकर्ताले सुनुवाई गर्ने विषय

१. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ४ को उपदफा (४) विपरीत निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थपेमा, केरमेट गरेमा, सच्याएमा वा हटाएमा वा त्यस्तो कागजात च्यातेमा वा कुनै किसिमले बिगारेमा, नोक्सान गरेमा, नष्ट गरेमा वा गराएमा,

२. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १३ विपरीत हुने गरी मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गौँडा वा बाटो छेकेमा वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गरे वा गराएमा,

३. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १५ विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि वा आयोगबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणना स्थलमा प्रवेश गरेमा,

४. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १९ विपरीत मतदान प्रारम्भ हुनु भन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र मतदानलाई असर पर्ने गरी त्यसको वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा साउण्ड सिस्टम, एसएमएस, सामाजिक सञ्जाल वा यस्तै कुनै साधन प्रयोग गर्न वा बाजा, नाचगान, सार्वजनिक भोज, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गरेमा वा हुलहुज्जत वा होहल्ला गरी शान्ति भङ्ग गरेमा वा भय, त्रास सिर्जना गरेमा वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गरी भय त्रास सिर्जना गरे वा गराएमा,

५. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङ्गको सामान्य पर्चा वितरण गर्ने बाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छापेमा छपाएमा वा प्रयोग गरे वा गराएमा,

६. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (२) विपरीत निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँसेमा वा टाँस्न लगाएमा वा लेखेमा वा लेख्न लगाएमा,

७. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (३) विपरीत निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि पर्चा तयार गर्दा मुद्रण गर्ने छापाखानालाई मुद्रण गर्न लगाएमा,

८. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (४) विपरीत निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले गरिने सभा वा भेलामा वा त्यस्तो सभा वा भेलाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गरेमा,

९. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (५) विपरीत मतदान हुने दिन भन्दा अठ्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाएमा वा आयोजना गरेमा, जुलुस निकालेमा वा नाराबाजी गरेमा तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गरे वा गराएमा,

१०. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (६) विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गरेमा,

११. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २४ को उपदफा (८) वा (९) विपरीत राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरे वा गराएकोमा सम्बन्धित अधिकारीले

त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जफत गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न निर्देशन दिएमा त्यस्तो निर्देशनको पालना नगरेमा,

१२. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (१) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको सङ्ख्या भन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरे वा गराएमा,

१३. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (२) विपरीत निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन प्रयोग गरे वा गराएमा,

१४. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा २५ को उपदफा (३) विपरीत कुनै पनि राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन प्रचार प्रसारको सिलसिलामा कुनै सवारी साधनको प्रयोग गरी ऱ्याली गरे वा गराएमा,

१५. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३५ विपरीत निर्वाचन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने कार्य गरे वा गराएको विषय ।

# अनुसूची-४

## (दफा ८ सँग सम्बन्धित)

## मतदान अधिकृतले सुनुवाई गर्ने विषय

१. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३५, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४० तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४०, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३६ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३८ बमोजिम नाम ढाँटी मतदान गर्न आएको सम्बन्धमा,

२. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३६ को उपदफा (२), प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४१ को उपदफा (२) तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४१ को उपदफा (२), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३८ को उपदफा (२) र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४० को उपदफा (२) बमोजिम हतियार लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न नदिने सम्बन्धमा,

३. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३९, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ४४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४२ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४४ बमोजिम मतपेटिका नोक्सान भएमा वा तोडफोड भएमा निर्वाचन अधिकृतलाई प्रतिवेदन गर्ने सम्बन्धमा,

४. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४०, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४५, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३७ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३९ बमोजिम विशेष परिस्थितिमा मतदान स्थगित गर्ने सम्बन्धमा,

५. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४१, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४१ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४३ बमोजिम मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान स्थगित गर्ने सम्बन्धमा,

६. स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६१, प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ६९, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६१ र राष्ट्रियसभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६२ बमोजिम निविदा मतपत्र दिने सम्बन्धमा,

७. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ४ को उपदफा (३) विपरीत मतदान अधिकृतको स्वीकृति बिना निर्वाचनमा प्रयोग गरिने वा गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लगेमा,

८. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ४ को उपदफा (४) विपरीत निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थपेमा, केरमेट गरेमा, सच्याएमा वा हटाएमा वा त्यस्तो कागजात च्यातेमा वा कुनै किसिमले बिगारेमा, नोक्सान गरेमा, नष्ट गरेमा वा गराएमा,

९. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ५ को उपदफा (४) विपरीत आधिकारिक छाप वा चिन्ह लागेको मतपत्र मतदान नगरी आफूसँग राखेमा वा मतदान केन्द्र बाहिर लगेमा,

१०. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ७ को उपदफा (१) विपरीत मत दिन पाउने अधिकार बिना निर्वाचनमा मतदान गरेमा,

११. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ७ को उपदफा (२) विपरीत अर्को मतदाताको नामको मतपत्र बुझिलिएमा वा अर्काको नामबाट मतदान गरेमा,

१२. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ८ विपरीत एउटै निर्वाचनमा एकभन्दा बढी पटक मतदान गरेमा,

१३. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ९ विपरीत मतपत्रमा मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र कसैलाई देखाएमा, प्रदर्शन गरेमा, गोप्य मत सङ्केत स्थलमा मत सङ्केत नगरी त्यसभन्दा बाहिर गई मत सङ्केत गरेमा वा मत सङ्केत गरेको व्यहोरा कुनै प्रकारले सार्वजनिक गरेमा,

१४. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १० विपरीत मतदान गर्दा मतदान सम्बन्धी प्रचलित सङ्घीय कानून वा आयोगले तोकेको प्रक्रिया उल्लङ्घन गरेमा,

१५. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ११ विपरीत मतपत्र बाहेक अन्य कुनै वस्तु मतपेटिकाभित्र खसाले वा राखेमा,

१६. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १३ विपरीत हुने गरी मतदातालाई मतदानस्थलमा प्रवेश गर्न नदिन गौँडा वा बाटा छेकेमा वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गरे वा गराएमा,

१७. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १४ विपरीत गैर नेपाली नागरिकले मतदान गरेमा,

१८. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १५ विपरीत उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि वा आयोगबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणना स्थलमा प्रवेश गरेमा,

१९. निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा १९ विपरीत मतदान प्रारम्भ हुनु तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी निर्वाचनको वातावरण बिथोल्ने कार्य गरी भय त्रास सिर्जना गरे वा गराएमा ।

# अनुसूची-५

## (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## प्रमुख नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारीले सुनुवाई गर्ने विषय

१. मतदाता नामावली ऐन, २०७३ को दफा १६ बमोजिम कसैले आफ्नो नाम दोहोरो परेकोमा हटाउन निवेदन दिएमा,

२. मतदाता नामावली ऐन, २०७३ को दफा १७ को उपदफा (३) बमोजिम नाम दर्ता अधिकारीलाई कुनै व्यक्तिको नाम दोहोरो परेको जानकारी प्राप्त हुन आएमा,

३. मतदाता नामावली ऐन, २०७३ को दफा ३१ को खण्ड (क) बमोजिम कसैले आफ्नो नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी नाम दर्ता गराएमा वा दर्ता गराउनको लागि दरखास्त दिएमा वा त्यसरी ढाँटी दर्ता गराएको भनी विरोधपत्र दिएमा,

४. मतदाता नामावली ऐन, २०७३ को दफा ३१ को खण्ड (ख) बमोजिम मतदाता नामावलीमा जानी बुझी कसैले कुनै व्यहोरा थपेमा, केरमेट गरेमा, सच्याएमा वा त्यस्तो मतदाता नामावली कुनै किसिमले बिगारेमा, नोक्सान पारेमा वा नष्ट गरेमा,

५. मतदाता नामावली ऐन, २०७३ को दफा ३१ को खण्ड (ग) बमोजिम मतदाता नामावली तयार गर्ने कार्यमा खटिएका कर्मचारीलाई कुनै किसिमको डर, धम्की वा प्रलोभन दिएमा वा बल प्रयोग गरी आफ्नो कर्तव्य पालन गर्न वा गराउनबाट विचलित गराएमा,

६. मतदाता नामावली ऐन, २०७३ को दफा ३१ को खण्ड (घ) बमोजिम गोप्य राख्नु पर्ने कागजात वा विवरणको गोप्यता भङ्ग गरेमा,

७. मतदाता नामावली ऐन, २०७३ को दफा ३१ को खण्ड (ङ) बमोजिम मतदाता नामावली दर्ता गर्ने प्रयोजनको लागि आयोगले सङ्कलन गरेको मतदाताको नाम, थर, वतन, फोटो र अन्य विवरण अनधिकृत रुपमा प्रकाशन गरेमा वा वितरण गरेमा वा जानी-जानी दुरुपयोग गरेमा,

८.	मतदाता नामावली ऐन, २०७३ को दफा ३१ को खण्ड (च) र सोही ऐनको दफा २२ को उपदफा (२) विपरीत मतदाता नामावली प्रयोग गरेमा ।

# अनुसूची-६

## (दफा १० को उपदफ (१) सँग सम्बन्धित)

## उजुरीको ढाँचा

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृत/
अनुगमनकर्ता/अनुगमन टोली/मतदान अधिकृत
.........................................

विषय : उजुरी सम्बन्धमा ।

मिति ............मा हुने स्थानीय तह/प्रदेशसभा सदस्य/प्रतिनिधिसभा सदस्य/राष्ट्रियसभा सदस्य/राष्ट्रपति/उपराष्ट्रपतिको निर्वाचनको सन्दर्भमा निर्वाचन आयोग ऐन, २०७३/मतदाता नामावली ऐन, २०७३/निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३/स्थानीय तह निर्वाचन ऐन, २०७३/प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४/प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सम्बन्धी ऐन, २०७४/राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा .....तथा ..................... नियमावलीको नियम ......को उल्लंघन गरी देहायको काम कारबाही भएकोले सो कार्य रोकी उल्लङ्घनकर्तालाई कानून बमोजिम कारबाहीको लागि यो उजुरी दिएको छु :-

१. उल्लंघनकर्ता/विपक्षीको नाम :
२. ठेगाना/संलग्न संस्था/निकाय :
३. उजुरीको संक्षिप्त व्यहोरा :
४. संलग्न प्रमाण :

उजुरीकर्ताको-
दस्तखत :
नाम, थर :
मतदाता परिचयपत्र नं.:
सम्पर्क ठेगाना :
सम्पर्क फोन नं./मोबाईल नं.:
मिति :

*द्रष्टव्य :*
(१) उजुरीकर्ताले निजको परिचय गोप्य राख्न अनुरोध गरेमा निजको परिचय गोप्य राख्नु पर्नेछ ।
(२) उजुरी मौखिक रुपमा वा कुनै सञ्चारको साधनबाट समेत दिन सकिनेछ ।

# अनुसूची-७

**(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)**

**मतदान अधिकृत**

**जम्मा उजुरी संख्या :**

निर्वाचन विवाद सम्बन्धी उजुरी दर्ता किताब

जिल्ला .....निर्वाचन क्षेत्र....(प्रतिनिधिसभा/प्रदेशसभा)/स्थानीय तह.........वडा नं. ..मतदानस्थल ........... मतदान केन्द्रको नाम ........ मतदान केन्द्रको कोड नं. ...

| द.नं | मिति | निवेदकको नाम थर | दस्तखत | विपक्षीको नाम थर | दस्तखत | उजुरीको विषय | उजुरीको संक्षिप्त व्यहोरा | तत्काल गरिएको प्रारम्भिक कारवाही | अन्तिम निर्णय | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अघिल्लो पानाको उजुरी संख्या ......

यस पानाको उजुरी संख्या...... जम्मा उजुरी संख्या .......

जम्मा पाना संख्या .... को पाना नं. ....

मतदान अधिकृतको दस्तखत

# अनुसूची-८

**(दफा ११ को उपदफा (१) र (२) सँग सम्बन्धित)**

**मुख्य/निर्वाचन अधिकृत, अनुगमनकर्ता तथा नाम दर्ता अधिकारी**

निर्वाचन विवाद सम्बन्धी उजुरी दर्ता किताब **जम्मा उजरी संख्या :**

जिल्ला ..... निर्वाचन क्षेत्र नं. ...... (प्रतिनिधिसभा वा प्रदेशसभा)/स्थानीय तह.....

| द.नं | मिति | निवेदकको नाम थर | दस्तखत | विपक्षीको नाम थर | दस्तखत | उजुरीको विषय | उजुरीको संक्षिप्त व्यहोरा | तत्काल गरिएको प्रारम्भिक कारवाही | अन्तिम निर्णय | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अघिल्लो पानाको उजुरी संख्या ......

मुख्य/निर्वाचन अधिकृतको दस्तखत यस पानाको उजुरी संख्या......

जम्मा उजुरी संख्या .......

जम्मा पाना संख्या .... को पाना नं. ....

# अनुसूची-९

**(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)**

निर्वाचन अयोग, नेपाल

**निर्वाचन विवाद निरूपण समिति**

निर्वाचन विवाद सम्बन्धी उजुरी दर्ता किताब

**जम्मा उजरी संख्या :**

प्रतिनिधिसभा/प्रदेशसभा/स्थानीय तह ..... साल

| द.नं | मिति | निवेदकको नाम थर | दस्तखत | विपक्षीको नाम थर | दस्तखत | उजुरीको विषय | उजुरीको संक्षिप्त व्यहोरा | तत्काल गरिएको प्रारम्भिक कारवाही | अन्तिम निर्णय | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

अघिल्लो पानाको उजुरी संख्या ...... यस पानाको उजुरी संख्या......

प्रमाणित गर्ने

जम्मा उजुरी संख्या .......

जम्मा पाना संख्या .... को पाना नं. ....

# अनुसूची-१०

**(दफा १२ को उपदफा (२) सँग सम्बन्धित)**

## मतदान अधिकृत/अनुगमनकर्ता/अनुगमन टोली/निर्वाचन अधिकृत/निर्वाचन आयोग

लिखित प्रतिवाद पेश गर्ने सूचना

......... जिल्ला..................गाउँ/नगरपालिका वडा नं. .......बस्ने बर्ष .........को तपाई .............................. को विरुद्धमा ....................................... विषयमा उजुरी पर्न आएकोले निर्वाचन विवाद समाधान (सुनुवाई र निरुपण) सम्बन्धी कार्यविधि, २०७६ को दफा १२ को उपदफा (३) बमोजिम सो विषयमा भएको गरेको यथार्थ विवरण खोली..........भित्र मतदान अधिकृत/अनुगमनकर्ता/अनुगमन टोली/निर्वाचन अधिकृत/निर्वाचन आयोग समक्ष लिखित प्रतिवाद पेश गर्नु हुन सूचित गरिन्छ । समयभित्र लिखित प्रतिवाद पेश नभएमा नियमानुसार भै जाने व्यहोरा समेत जानकारी गराइन्छ ।

लिखित जवाफ माग गर्नेको :
दस्तखत :
नाम, थर :
पद :
कार्यालय :
मिति :

# अनुसूची-११

**(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)**

**मतदान अधिकृत, निर्वाचन अधिकृत, अनुगमनकर्ता, निर्वाचन आयोगमा चढाएको**

लिखित जवाफ

विषयः ..............................

.......जिल्ला ......गाउँ/नगरपालिका वडा नं.. बस्ने वर्ष....को...... लिखित जवाफ प्रस्तुतकर्ता

विरूद्ध

........जिल्ला...गाउँ/नगरपालिका वडा नं.. बस्ने बर्ष.... को.........विपक्षी

म/ हामी निम्न लिखित निवेदन गर्छु/गर्छौं ।

१. ..............................

२. ..............................

प्रस्तुत विषयमा ..................गरी पाउँ वा...........आदेश गरी पाउँ ।

यस निवेदनपत्रको व्यहोरा ठीक साँचो छ, झुट्ठा व्यहोरा लेखेको ठहरे कानून बमोजिम सजाय सहुँला बुझाउँला ।

लिखित जवाफ पेश गर्नेको :

दस्तखत :

नाम, थर :

ठेगाना :

इतिसंवत् ..... साल ..........महिना ...........गते रोज ..............शुभम् ।

# अनुसूची-१२

**(दफा १२ को उपदफा (८) सँग सम्बन्धित)**

## निर्वाचन आयोग/निर्वाचन अधिकृत/अनुगमनकर्ता/अनुगमन टोली/मतदान अधिकृत

### पक्राउ आदेश

जिल्ला..................गाउँ/नगरपालिका ............ वडा नं. ....... बस्ने वर्ष .........को ....................ले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ... को उपदफा .. बमोजिमको कसूर अनुसारको जरिवाना नबुझाउनु भएकोले सो ऐनको दफा ... को उपदफा ... बमोजिम कसूर गरेकोले निजलाई कानून बमोजिम कारवाहीका लागि पक्राउ गर्न यो आदेश दिइएको छ ।

# अनुसूची-१३
**(दफा १२ को उपदफा (१०) सँग सम्बन्धित)**

**मतदान अधिकृत, अनुगमनकर्ता, निर्वाचन अधिकृत, निर्वाचन आयोग**

<u>निर्णयको ढाँचा</u>

.....जिल्ला .....गाउँ/नगरपालिका वडा नं ...बस्ने वर्ष .....को ...............निवेदक

<u>विरूद्ध</u>

......जिल्ला ....गाउँ/नगरपालिका वडा नं .....बस्ने वर्ष ....को .................विपक्षी

विषय : ............

<u>विवादको विवरण</u>

१. ..............................

२. ..............................

<u>निर्णय</u>

यसमा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ...को उपदफा ...बमोजिमको कसूर भएको देखिंदा सोही ऐनको दफा ...को उपदफा ....बमोजिम ...हुने ठहर्छ ।

निर्णयकर्ताको :
दस्तखत :
नाम, थर :
पद :
कार्यालय :
मिति :

इतिसंवत् ..... साल .........महिना ..........गते रोज .............शुभम् ।

# अनुसूची-१४

## (दफा १२ को उपदफा (१३) सँग सम्बन्धित)

<u>जरिवाना बुझाएको रसिद</u>

........ जिल्ला ........ गाउँ/नगरपालिका वडा नं ...... बस्ने वर्ष ...... को ..........................................लाई निर्वाचन सम्बन्धी कसूर गरे वापत निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३७ को उपदफा (१) बमोजिम मतदान अधिकृत/अनुगमनकर्ता/अनुगमन टोली/निर्वाचन अधिकृत/निर्वाचन आयोगले रु. ....... (अक्षररुपी ...............) जरिवाना गरेकोमा निजले उक्त रकम मिति .................मा बुझाएकोले यो रसिद दिइएको छ ।

बुझाउनेको :
दस्तखत :
नाम, थर :
मिति :

बुझिलिनेको :
दस्तखत :
नाम, थर :
पद :
कार्यालय :
मिति :

# अनुसूची-१५

**(दफा १२ को उपदफा (१४) सँग सम्बन्धित)**

<u>पत्रको ढाँचा</u>

श्री ................... प्रहरी कार्यालय,
.................................. ।

विषय : कैद गर्ने सम्बन्धमा ।

.............................. बस्ने ....................................... लाई निर्वाचन सम्बन्धी ................................................ कसूर गरे वापत निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३७ को उपदफा (१) बमोजिम मतदान अधिकृत/अनुगमनकर्ता/निर्वाचन अधिकृत/निर्वाचन आयोगले रु. .................. (अक्षररुपी ................................ ) जरिवाना गरेकोमा निजले उक्त जरिवाना रकम बुझाउन इन्कार गर्नु भएको/असमर्थता व्यक्त गर्नु भएकोले सोही दफाको उपदफा (४) बमोजिम उक्त जरिवाना वापत निजलाई प्रचलित कानून बमोजिम कैद गर्न त्यस कार्यालयमा पठाइएको व्यहोरा अनुरोध छ ।

दस्तखत :
नाम, थर :
दर्जा :
कार्यालय :
मिति :

# अनुसूची-१६

**(दफा १२ को उपदफा (१५) र (१६) सँग सम्बन्धित)**

## मतदान अधिकृत/अनुगमनकर्ता/निर्वाचन अधिकृत/मुख्य निर्वाचन अधिकृत/निर्वाचन आयोग

पुनरावेदनको म्याद दिने पत्रको ढाँचा

......जिल्ला ....गाउँ/नगरपालिका वडा नं ....बस्ने वर्ष ... को ................ निवेदक

विरूद्ध

......जिल्ला .....गाउँ/नगरपालिका वडा नं ....बस्ने वर्ष......को .................विपक्षी

विषय :..........

...... जिल्ला ............... गाउँ/नगरपालिका वडा नं. ..... बस्ने .................. को छोरा/छोरी/श्रीमती वर्ष .......को .................................... का नाउँमा जारी गरिएको सूचना

**मतदान अधिकृत/अनुगमनकर्ता/निर्वाचन अधिकृत/मुख्य निर्वाचन**

अधिकृत/निर्वाचन आयोगबाट ................... विवादको विषयमा मिति .......मा .............(निर्णयको संक्षिप्त व्यहोरा उल्लेख गर्ने) निर्णय भएकोले सो को जानकारीको लागि यो सूचना पठाइएको छ । उक्त विवादमा भएको निर्णयमा चित्त नबुझेमा आफ्नो सबुद प्रमाण लिई पन्ध्र दिन भित्र सम्बन्धित अदालतमा पुनरावेदन गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

इतिसंवत्...........साल ........महिना ......गते .....रोज ......का दिन मेरो दस्तखतबाट यो सूचना जारी भयो ।

निर्णय गर्ने अधिकारीको :
दस्तखत :
नाम :
पद :
जिल्ला :
निर्वाचनन क्षेत्र :
स्थानीय तह :
वडा नं. :
मतदानस्थल र मतदान केन्द्र :